१. विसं २०८० जेठ २७ मा सम्पन्न 'सहिद स्मारक 'ए' डिभिजन लिग च्याम्पियन' को उपाधि जित्ने क्लब कुन हो ?

✍ चर्च ब्वाइज युनाइटेड (उपविजेता : मच्छिन्द्र फुटबल क्लब)

- चर्च ब्वाइज 'ए' डिभिजन लिगको पहिलो सहभागितामा नै लिग च्याम्पियन हुन सफल भएको। गत वर्ष 'बी' डिभिजन लिग च्याम्पियन भएर चर्च ब्वाइजले यस पटक पहिलो पल्ट घरेलु शीर्ष लिग खेलेको थियो।
- चर्च ब्वाइज डेब्युमै उपाधि जित्ने दोस्रो टोली हो। यसअघि मनाङ–मर्स्याङ्दी क्लबले २०४३ सालमा डेब्युमै लिग च्याम्पियन बन्ने सौभाग्य प्राप्त गरेको थियो।
- उपाधि विजेता चर्च ब्वाइजले ७५ लाख रुपियाँ पुरस्कार हात पारेको छ। त्यस्तै उपविजेता मच्छिन्द्र फुटबल क्लबले ५० लाख रुपियाँ तथा तृतीय स्थान हासिल गरेको नेपाल पुलिस क्लबले ३५ लाख रुपियाँ प्राप्त गरेको छ।

Govinda Giri

| विधा | खेलाडी (टिम) | पुरस्कार |
|---|---|---|
| सर्वश्रेष्ठ खेलाडी | अनन्त तामाङ (चर्च ब्वाइज) | दुई लाख रुपियाँ |
| सर्वश्रेष्ठ गोलकर्ता | ओलावाले आफिज (मच्छिन्द्र) | दुई लाख रुपियाँ |
| सर्वश्रेष्ठ गोलरक्षक | एम्स प्रिसो (चर्च ब्वाइज) | दुई लाख रुपियाँ |
| सर्वश्रेष्ठ युवा खेलाडी | लकेन लिम्बू (थ्री स्टार) | एक लाख ५० हजार रुपियाँ |
| फेयर प्ले | नेपाल पुलिस क्लब | तीन लाख रुपियाँ |

CamScanner

**२. बैङ्किङ प्रविधि क्षेत्रको प्रतिष्ठित अन्तर्राष्ट्रिय पुरस्कार 'इन्फोसिस फिनाकल इनोभेसन अवार्ड–२०२३' बाट सम्मानित हुने नेपाली बैङ्क कुन हो ?**

✍ ग्लोबल आइएमई बैङ्क

- नवीनतम ग्राहक केन्द्रित आविष्कारहरूको सर्जक बैङ्कहरूलाई प्राविधिक रूपान्तरण, यसको सही प्रयोग तथा टेक्नोलोजीमा सृजनशीलता जस्ता तथ्यलाई आधार मानी यो अवार्ड प्रदान गर्ने गरिएको।
- डिजिटल ट्रान्सफर्मेसन, टेक्नोलोजीमा नवीनता एवं उत्कृष्टता र यसको सही सदुपयोग गर्दै उत्तरदायी तथा सुरक्षित बैङ्किङमार्फत सेवा प्रवाह गरेबापत अवार्ड प्रदान गरिएको जनाइएको।

**३. पहिलो पल्ट गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति राष्ट्रिय सङ्गीत सम्मान कसलाई प्रदान गरियो ?**

✍ गीतकार किरण खरेल

- त्यसै गरी तारावीरसिंह तुलाधरलाई प्रेमध्वज प्रधान स्मृति राष्ट्रिय वाद्यवादन सम्मान एवं गायिका मिलन नेवारलाई प्रेमध्वज प्रधान स्मृति राष्ट्रिय युवा सङ्गीत पुरस्कार प्रदान गरिएको छ।
- गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति प्रतिष्ठानले पहिलो पटक अमर गायक प्रेमध्वज प्रधानको स्मरणमा गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति राष्ट्रिय सम्मान तथा पुरस्कार प्रदान गरेको हो।

**४. सरकारले विसं २०८० जेठमा कतिवटा हिमचुचुरालाई आरोहणका लागि खुला गरेको छ ?**

✍ पाँच वटा

- योसँगै आरोहणका लागि खुला चुचुराको सङ्ख्या ४२० पुगेको छ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सिन्धुपाल्चोक जिल्लामा अवस्थित जुगल हिमशृङ्खलामा पर्ने पाँच वटा चुचुरा आरोहणका लागि खुला भएका छन्।

CS CamScanner

५. **विसं २०८० मा प्रदान गरिने हृदयचन्द्र सिंह स्मृति पुरस्कार कसलाई प्रदान गरियो ?**

✍ प्रगतिवादी साहित्यकार मोहनविक्रम सिंह

६. **विश्व बैङ्कद्वारा सन् २०२३ जुन ६ मा प्रकाशित ग्लोबल इकोनोमिक प्रोस्पेक्ट्स अनुसार सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर कति हुने अनुमान छ ?**

✍ ४.१ प्रतिशत

- चालु आर्थिक वर्षमा नेपालले ४.१ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने विश्व बैङ्कले प्रक्षेपण गरेको छ। प्रतिवेदन अनुसार आगामी आवमा नेपालको वृद्धिदर ४.९ प्रतिशत पुग्ने छ।
- दक्षिण एसियाली मुलुकमध्ये चालु आवमा सबैभन्दा धेरै भारतले ७.२ प्रतिशतको वृद्धिदर हासिल गर्ने प्रक्षेपण रहेको छ। त्यसपछि माल्दिभ्सले ६.६ प्रतिशत, बङ्गलादेशले ५.२ प्रतिशत, भुटानले ४.५ प्रतिशत वृद्धिदर हासिल गर्ने विश्व बैङ्कको प्रक्षेपण रहेको छ।
- पाकिस्तानको अत्यन्त न्यून ०.४ प्रतिशत वृद्धिदर हुँदा श्रीलङ्काको वृद्धिदर ४.३ प्रतिशतले नकारात्मक हुने प्रक्षेपण गरिएको छ।

Govinda Giri

- प्रतिवेदनमा विश्वका विकसित दशहरूले मौद्रिक नीतिमा लिएको कडाइले दक्षिण एसियाली मुलुक प्रभावित भए पनि सन् २०२२ को दोस्रो त्रैमासपछि त्यसको प्रभाव बिस्तारै कम भएको उल्लेख गरिएको छ। यद्यपि, आर्थिक वृद्धिमा भएको सुस्तताले भने निरन्तरता पाएको उल्लेख गरिएको छ।
- खास गरी श्रीलङ्का, पाकिस्तान र अफगानिस्तानले गहिरो आन्तरिक सङ्कट बेहोर्नु परेको प्रतिवेदनले उल्लेख गरेको छ। नीतिगत अनिश्चितता र आयातका लागि विदेशी मुद्रा सञ्चितिको अपर्याप्तता जस्ता सङ्कट दक्षिण एसियाली मलकले भोग्न परेको पाइएको छ।

CamScanner

- प्रतिवेदनले समग्रमा दक्षिण एसियाली क्षेत्रको वृद्धिदर सन् २०२३ मा औसतमा ५.९ प्रतिशत रहने प्रक्षेपण गरेको छ। त्यस्तै सन् २०२४ मा यस्तो वृद्धिदर ५.१ प्रतिशत हुने प्रक्षेपण छ। उच्च सरकारी र बाह्य ऋण, न्यून विदेशी मुद्राको सञ्चिति र सामाजिक आर्थिक दबावले यस क्षेत्रको आर्थिक वृद्धिदरलाई असर पुऱ्याउने अनुमान रहेको छ।

**७. 'सानै छु बढ्न देऊ : बालविवाह होइन पढ्न देऊ' नामक अभियान सञ्चालन गर्ने प्रदेश कुन हो ?**

✍ सुदूरपश्चिम प्रदेश

**८. आइएसओ गुणस्तर चिह्न प्राप्त गर्ने पहिलो नगरपालिका कुन हो ?**

✍ तिलोत्तमा नगरपालिका (रुपन्देही)

**९. नेपाली स्याटेलाइट 'नेपाली स्याट–१' अन्तरिक्षमा कति दिन रहेर खसेको हो ?**

✍ ८४१ दिन

- नेपाली युवा वैज्ञानिक हरिराम श्रेष्ठ र आभास मास्केले बनाएको 'नेपाली स्याट–१' नामक भू–उपग्रह अन्तरिक्षमा ८४१ दिन रहेर खसेको हो।

CamScanner

- सो भू-उपग्रहले अन्तरिक्षमा रहँदा पृथ्वीलाई १३ हजार ४५६ फन्को लगाएको थियो।
- नेपाली स्याटसँगै अन्तरिक्षमा छाडिएको श्रीलङ्काको राभाना-१ भू-उपग्रह पनि खसेको थियो।
- 'नेपाली स्याट-१' २०७६ वैशाख ५ गते अमेरिकाको भर्जिनियामा अवस्थित वल्लोप्स द्वीपस्थित प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गरिएको थियो।

**१०. आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत कति वटा निकाय खारेजी तथा गाभिने घोषणा गरिएको छ ?**

✍ २० वटा

Govinda Giri

| | |
|---|---|
| कपास विकास समिति | |
| राष्ट्रिय दुग्ध विकास बोर्ड | |
| फिलाटेलिक तथा टिकट व्यवस्थापन कार्यालय | |
| केन्द्रीय धनादेश कार्यालय | |
| अतिरिक्त हुलाक कार्यालय | |
| बुढीगण्डकी जलविद्युत् आयोजना, वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना एकाइ | |
| महिला तथा बालबालिका विभाग | |
| नेपाल विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति | |
| जिल्ला निर्वाचन कार्यालय | |
| तथ्याङ्क कार्यालय | |
| विभिन्न ताल संरक्षण विकास समिति | |
| भूमिगत जलस्रोत विकास समिति | |
| जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | खारेजी |
| रेलवे बोर्ड | |

CamScanner

| | |
|---|---|
| रेलवे बोर्ड | |
| किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र विकास समिति | |
| राष्ट्रिय सूचना प्रविधि केन्द्र | |
| नेपाल इन्टरमोडेल यातायात विकास समिति | |
| रेडियो नेपाल र नेपाल टेलिभिजन | गाभिने |
| पर्वतीय प्रशिक्षण विकास समिति र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | |

**११. सन् २०२४ को गृष्मकालीन ओलम्पिक खेलकुद कुन देशमा आयोजना हुने भएको छ ?**

✍ फ्रान्स

**१२. 'कल्पग्रन्थ' नामक कृतिका लेखक कुमार नगरकोटी हुन् भने 'मैले देखेको नेपाल' नामक कृतिका लेखक को हुन् ?**

✍ हर्क गुरुङ

**१३. गृष्मकालीन र शीतकालीन दुवै ओलम्पिक आयोजना गर्ने विश्वको पहिलो सहर कुन हो ?**

✍ बेइजिङ

- सन् २०२२ मा २४ औँ शीतकालीन ओलम्पिक आयोजना गरेको बेइजिङले सन् २००८ मा गृष्मकालीन खेलकुद आयोजना गरेको थियो ।
- २४ औँ शीतकालीन ओलम्पिकमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल राष्ट्र क्रमशः नर्वे, जर्मनी र चीन हुन ।

CS CamScanner

- २४ औं शीतकालीन ओलम्पिकमा पहिलो स्वर्ण पदक जित्न सफल खेलाडी थेरेसा जोहान (नर्वे) हुन्।
- सर्वाधिक स्वर्ण पदक जित्न सफल खेलाडी नर्वेका जोहानेस बोस (चार स्वर्ण र एक कांस्य) हुन्।
- यस खेलकुद प्रतियोगिताको नारा : टुगेदर फर अ सेयरड फ्युचर (साझा भविष्यका लागि एकजुट) रहेको छ।
- ९१ देशका दुई हजार ८७१ खेलाडीको सहभागिता रहेको,
- सात खेल तथा १५ इभेन्ट समावेश,
- पदक हासिल गर्न सफल राष्ट्र : २७ (९१ राष्ट्रमध्ये),
- अमेरिका, क्यानडा, बेलायत, अस्ट्रेलियालगायत १५ राष्ट्रले यस ओलम्पिकमा आफ्ना खेलाडी पठाए पनि कूटनीतिक बहिष्कार गरेका,
- २५ औं शीतकालीन ओलम्पिक सन् २०२६ मा इटालीको मिलान कोर्टिनामा हुने छ।
- शीतकालीन ओलम्पिकमा हालसम्म नेपालको सहभागिता नभएको,
- पहिलो शीतकालीन ओलम्पिक खेलकुद सन् १९२४ मा आयोजना भएको हो।

Govinda Giri

| | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|
| नर्वे | १६ | ८ | १३ | ३७ |
| जर्मनी | १२ | १० | ५ | २७ |
| चीन | ९ | ४ | २ | १५ |
| अमेरिका | ८ | १० | ७ | २५ |
| स्विडेन | ८ | ५ | ५ | १८ |

CamScanner

१४. **विराटनगर–जोगवनी संयुक्त भन्सार नाकामा मालवाहक रेल सेवा कहिलेदेखि सुरु भएको हो ?**

✍ विसं २०८० जेठ १८

- प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गरेसँगै विराटनगर–जोगवनी नाकामा रहेको संयुक्त भन्सार जाँच चौकीसम्म भारतीय मालवाहक रेलसेवा सञ्चालनमा आएको छ।
- आइसिपीसम्म मालवाहक रेल सेवा सुरु भएपछि व्यवसायीले दोहोरो झन्झट खेप्नु नपर्ने र ढुवानी खर्च पनि घट्ने भएको छ।

१५. **विश्व दुध दिवस कहिले मनाइन्छ ?**

✍ जुन १

- सन् २०२३ को नारा : दुग्ध क्षेत्रको दिगो विकास, आर्थिक समृद्धिको आधार
- विश्वमा दुग्ध क्षेत्रले पोषण तथा खाद्य सुरक्षण एवं जीविकोपार्जनमा पुर्‍याएको योगदानको मनन गर्दै दुधको उपभोग वृद्धि गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले सन् २००१ जुन १ देखि यो दिवस मनाउन सुरु गरेको हो।
- नेपालमा यो दिवस सन् २०११ देखि मनाउन सुरु गरिएको हो।

१६. **रानाथारू समुदायबाट विद्यावारिधि गर्ने पहिलो व्यक्ति को हुनुहुन्छ ?**

✍ धनगढीकी जीवन राना

१७. **संयुक्त राष्ट्रसङ्घले सन् २०२५ मा आयोजना हुने अन्तर ष्ट्रिय जलवायु सम्मेलन (कोप–३०) का लागि चयन गरेको ठाउँ कुन हो ?**

✍ ब्राजिल

CamScanner